# गरीवी निवारण कोष

# वार्षिक प्रगति प्रतिवेदन, डोटी

आ.व. २०७२/७३

# गरीवी निवारण कोष,
# वार्षिक प्रगति प्रतिवेदन, डोटी
## आ.व. २०७२/७३

## १. डोटीमा कोष

केन्द्रीय तथ्यांक विभागले देशलाई गरीबीका आधारमा गरेको वर्गिकरणमा ६३ औं स्थानमा रहेको यो जिल्लाको चरम गरीबीलाई कम गर्ने कोषको उद्देश्य अनुरुप नै यस जिल्लामा कोषको कार्यक्रम बि.स. २०६३ सालबाट शुरु भएको हो । शुरुमा जिल्लाका २० गा.वि.स.मा लागु भएको यो कार्यक्रम वि.स.२०६८ सालबाट जिल्लाका ५० वटै गाविस र एउटा नगरपालिकामा बिस्तार भई हाल निरन्तर संचालनमा रहेको छ ।

कोषको कार्यक्रमलाई सहजीकरण गर्नका लागि कार्यक्रमको प्रारम्भमा ५ वटा सहयोगी संस्थाहरु प्रतिस्पर्धाका आधारमा छनौट भएकोमा आर्थिक बर्ष २०६८/०६९ मा सिप्रेड भन्ने साझेदार संस्थाले कार्यक्रम संचालन गर्न असमर्थता जनाए पछि उक्त संस्थाले कार्यक्रम संचालन गर्दै आएका गाविसहरुको कार्यभार पनि बाँकि ४ वटा सहयोगी संस्थाहरुमा हस्तान्तरण गरिएको थियो र हाल उक्त ४ वटा साझेदार संस्था (**एकिकृत समाजिक विकास समुह डोटी, राष्ट्रिय वन उपभोक्ता महासंघ नेपाल डोटी शाखा, सम विकास केन्द्र, नेपाल र समाज सेवा, डोटी**) जिल्लामा कार्यरत छन् । हाल सम्म **८१४** वटा सामुदायि संस्थाहरु कोषमा दर्ता भएको छन् भने यि संस्था अन्तर्गत ८१४ कुल उप–परियोजनाहरु संचालनमा रहेका छन् । यि उप–परियोजनाहरु मध्ये १०४ वटा भौतिकपूर्वाधार छन् भने बाँकी सबै आआर्जनसग सवन्धित छन ।

**कोषको कार्यक्रम संचालन भएका गा.वि.स.हरु नक्शामा**



# २. कार्यक्रमका आधारस्तम्भहरु
## २.१. सामाजिक परिचालन

सामाजिक परिचालन कोषको चार आधार स्तम्भ मध्ये एक र अन्य तीन स्तम्भलाई प्रभावकारी बनाउनका लागि अति आवश्यक र महत्वपूर्ण स्तम्भ हो । सामुदायिक संस्था गरीबी निवारण कोषमा दर्ता भएपछि  सामाजिक परिचालनकै माध्यमद्धारा सामुदायिक संस्थाका सदस्यहरुले आपसमा छलफल गरी आफ्नो ठाउँमा उपलब्ध श्रोत साधनको पहिचान गर्दै आफ्ना आवश्कता परिपूर्तिका लागि योजनाहरु बनाउँछन् । डोटीमा पनि यसै प्रक्रियाद्धारा हाल सम्म कोषमा दर्ता भएका सामुदायिक संस्था र संभ्कौताको अवस्था तल तालिकामा देखाइएको छ । यस आ.व.०७२/७३ मा ६२ वटा सामुदायिक संस्थाहरु मुल्याङ्कन पश्चात दर्ता र सम्भ्कौता भएका छन भने ६२ वटा आय आम्दानीका उपपरियोजनाहरु र १३ वटा भौतिक पूर्वाधारका उप परियोजनाहरु कार्यान्वयनका लागि संभ्कौता गरिएका छन् । यसरी कुल ८१४ संस्थाहरु कोषमा दर्ता भई ८१४ उपपरियोजनाहरु संभ्कौता भई संचालन भइरहेका छन् भने केही संचालन हुने प्रक्रियामा रहेकाछन् ।

**तालिका-१ : कोषसंग सम्बन्धित जिल्लाको समग्र तथ्यांकिय जानकारी**

| शिर्षक | | संख्या र रकम | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | आ.व.०७२/०७३ | | आ.व.०७१/०७२ सम्म | | हाल सम्मको जम्मा | |
| | सामुदायिक संस्था गठन | ६२ | | संख्या | ७३९ | ८०१ | |
| | कोषमा दर्ता | ६२ | | | ७३९ | ८०१ | |
| सामुदायिक संस्था | सामुदायिक संस्था संजाल | ० | रकम | | ५० | ५० | |
| | संझौता | ७५ | | | ३९०२३५९३१ | | |
| | आयआर्जन तर्फ | ६२ | २३०६१७७७ | ७३९ | ३०४५८७७६२ | | |
| कोषको लगानी | भौतिकपूर्वाधार तर्फ | १३ | १२६७७४९८ | ९१ | ८५६४८१६९ | | |
| सहयोगी संस्था | | ४ | १४१२४०४३ | अन्य | | | |
| कार्यक्रम पुगेका गा.वि.स.र न.पा. | | ५१ | | १ नगरपालीका सहित ५० गाविस गरी जम्मा ५१ | | | |
| सामुदायिक संस्थामा आबद घरधुरी | | | | | प्रतिशत | | गरीबी वर्गिकरण |
| जम्मा | | २५२४८ | | | १०० | | आफ्नै उब्जनी वा नियमित आयबाट |
| गरीबी वर्गिकरण | अति गरीब(क) | १५९२० | | | ६३.०५ | | ३ ≤ महिना खानपुग्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | मध्यम गरीब(ख) | ५४५७ | २१.६१ | | ६ ≤ महिना खानपुग्ने |
| | गरीब(ग) | २१२३ | ८.४१ | | १२ ≤ महिना खानपुग्ने |
| लिंगका आधारमा | महिला | २२९६० | ९०.९३ | | |
| | पुरुष | ४५१४ | १७.८८ | | |
| जातिगत आधारमा | दलित | ९७४१ | ३८.५८ | | |
| | जनजाति | १३४३ | ५.३१ | | |
| | अन्य | १४१६४ | ५६.०९ | | |

## २.२ आयआर्जन

यस जिल्लामा आयआर्जन अन्तर्गत विभिन्न क्षेत्रहरु जस्तै पशुपालन तर्फ बाख्रापालन, भैंसीपालन, गाई, गोरु, कुखुरापालन आदि छन् भने कृषि तर्फ मौसमी तथा वेमौसमी तरकारी उत्पादन, अदुवा, भट्टमास, बदाममा लगानी भएको देखिन्छ । अन्य आयआर्जन तर्फ सुन्तला खेती, मौरीपालन, खुद्रा तथा होटल व्यवसाय, निगाला, बाँसका सामाग्रीहरु बनाउने फलाम तथा तामाको भाँडाकुडाहरु बनाउने, सिलाईकटाई, सुनचाँदीको काम आदि प्रमुख छन् । यसरी आयआर्जनका लागि कोषबाट उपलब्ध गराईएका रकमलाई समुदायले चक्रकोषको रुपमा परिचालन गर्दछन् । गरीब समुदायमा यो चक्र कोषको रकम सामाजिक पूँजीका रुपमा स्थापना भएको हुँदा गरीबी निवारण कोषले यसलाई सामाजिक कोषको रुपमा व्याख्या गरेको छ ।

पशुपालन तर्फ धेरैको माग बाख्रापालनमा देखिन्छ । यसको कारण कोषको कार्यक्रममा आबद्ध घरधुरीहरु आफ्नो जग्गा जमिन यात असाध्यै न्यून भएका या हुँदै नभएका भएका कारण उनीहरुका लागि बाख्रापाल्न सजिलो हुने, फाइदा हुँदा धेरै हुने र कुनै कारणवस नोक्शानी भयो भनेपनि धेरै ठूलो ज्यायजेथा गुमाउन नपर्ने भएको हुँदा त्यसप्रति गरीबहरुको आकर्षण बढेको देखिन्छ भने कसैका लागि बाध्यता पनि देखिन्छ ।

यस आ.व. ०७२/०७३ मा ६२ वटा आयआर्जन उपपरियोजनामा संझौता भएको छ भने कूल ८०१ वटा आयआर्जन क्रियाकलापहरु संचालित छन् । आयआर्जन अन्तर्गत विभिन्न क्षेत्रमा भएको लगानीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-२: आयआर्जन अन्तर्गतका क्षेत्रहरुमा भएको लगानी**

| शिर्षक | | आ.व.२०७१/७२ | आ.व.२०७२/७३ | हाल सम्मको जम्मा |
|---|---|---|---|---|
| आयआर्जका विभिन्न क्षेत्रमा भएको लगानी ( रु.मा) | पशुपालन (Livestock) | १९१०४७०० | २०२८३८५० | ३९३८८५५० |
| | कृषि(Agriculture & Others) | १३३११०० | १५४४४०० | २८७५५०० |
| | उत्पादनमुलक (manufacturuing& Others) | १६२०० | १४४००० | ३०६००० |
| | व्यापार(Trading) | २४६८१०० | २२४०१०० | ५०१४२०० |
| | सेवा क्षेत्र(Service Sector) | ७९२००० | ६२७३०० | १४१९३०० |
| | क्षमाता विकास(Capacity Building) | ५९२७०० | ३५०२७० | ९४२९७० |
| | अनुगमन तथा व्यवस्थापन | ११८५६९० | ११७७००० | ३१६२६९० |
| | कूल जम्मा | २६२९०४९० | २६३६६९२० | ५३१०९२१० |

उल्लेखित क्षेत्रहरु मध्ये सबै भन्दा बढी अर्थात ७४.१६ % पशुपालन व्यवसाय तर्फ देखिन्छ त्यस पछि दोश्रोमा व्यापारमा ९.४४% लगानी भएको छ । त्यस्तै सेवा क्षेत्रमा २.६७ %, कृर्षि क्षेत्रमा ५.४१ % छ भने सबै भन्दा कम उत्पादनमूलक क्षेत्रमा ०.५७% देखिन्छ । त्यस्तै अनुगमन तथा व्यवस्थापन मा ५.९५ % लगानी भएको छ । यसरी पशुपालनमा बढी लगानी हुनुको कारण कोषका लक्षित वर्ग आफ्नै जग्गाजमिन हुँदै नभएका वा असाध्यै कम भएका भएको हुँदा उनीहरुको अन्य व्यवसायमा त्यत्ति रुची देखिदैन । कृषिका लागि उब्जाउ जमिन र सिंचाई दुवै आवश्यक हुने र ति दुवै देखि उनीहरु टाढा भएको हुँदा कृषिमा कम माग भएको देखिन्छ । अर्को कुरा पशुपालनमा पनि धेरै जसो बाख्राको माग देखिन्छ । यसले के संकेत गर्दछ भने बाख्रा गरीबका लागि नोक्सान हुँदा कम हुने र नाफा हुँदा धेरै हुने हुँदा पनि गरीबलाई यो व्यवसाय सहज भएको हो । त्यसका लागि आफ्नै धेरै जग्गा जमिनको पनि आवश्यक नपर्ने देखिन्छ।

## २.२.१ चक्रकोषको स्थिति

| क्र.सं. | सहयोगी संस्थाको नाम | गरिबि निवारण कोषवाट अनुदान | | चक्रकोषको अवस्था | | | | भाका ननाघेको रकम | भाका नाघेको रकम | बैक मौज्दात | नगद सस्थामा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कर्जा लिने सदस्य संख्या | लगानीमा रहेको रकम | सावाँ असुली | ब्याज असुली | हाल सम्म चक्रकोषमा जम्मा रकम | | | | |
| १ | एकिकृत सामाजिक विकास समुह, डोटी | ४९८४०५१३ | ३९८४ | ३६६५८५६६ | १५५९३१७७ | २३८१५५० | ५२२५१७२० | २४८७७९३३ | ११७८०६७४ | १४७५२११४ | २७४७४०२ |
| २ | फेकोफन,डोटी | ७०७३८२०१ | ६२५९ | ५९७०३०७४ | १२४५९२९५ | ५१५७९२३ | १७६१७२१८ | २३३२८४५२ | ३६३७४६२२ | ६४३४८९३ | ३८६६७८३ |
| ३ | सम विकास केन्द,नेपाल | ५६९३२८७७ | ५४३२ | ५२४७५०८७ | १३३६८९५० | ५५२३१३० | १७१४८२९२ | ५४८९०८४ | ४६४०३१०३ | ११६८०१३० | ० |
| ४ | समाज सेवा डोटी | ७५८१७९२५ | ५२२० | ८१७२४८९१ | २२२४१७२२ | ८४५५८८३ | ३०६९७६०५ | ३००८८०८२ | ५१६३६८०९ | ७९५५८८३ | ७६२९११ |
| **कुल जम्मा** | | **२५३३२९५१६** | **२०८९५** | **२३०५६१६१८** | **६३६६३१४४** | **२१५१८४८६** | **११७७१४८३५** | **८३७८३५५१** | **१४६१९५२०८** | **४०८२३०२०** | **७३७७०९६** |

**२.२. आयआर्जन सवन्धी सम्पन्न उपपरियोजनाहरु**

| क.स | सहयोगी सस्थाको नाम | सम्पन्न आय आर्जन उप परियोजना सख्या | कैफियत |
|---|---|---|---|
| १ | समाज सेवा डोटी | १८४ | |
| २ | फेकोफन,डोटी | १८९ | |
| ३ | सम विकास केन्द्र,नेपाल | १८५ | |
| ४ | एकिकृत सामाजिक विकास समुह | १३८ | |
| जम्मा | | ६९६ | |

## २.३ भौतिक पूर्वाधार

खासगरी गरीबीको चक्रबाट बाहिर आउनका लागि गरीबीसंग प्रत्यक्ष जोडिएका र उनीहरुको जिविकोपार्जनका लागि सहयोग पुऱ्याउने साना भौतिकपूर्वाधारहरुको विकास महत्वपूर्ण हुन्छ । शुद्ध खानेपानी, साना सिंचाई, स्कुल, घट्ट, स्वास्थ्य चौकी, लघुजलविद्युत, झोलंगे पुल जस्ता पूर्वाधारहरुले उनीहरुको जीवनस्तरमा सहजता ल्याएको छ । यस डोटी जिल्लामा हाल सम्म खानेपानी, स्कुल, लघुजलविद्युत निर्माण भएका छन् भने सिंचाई, झोलंगेपुल जस्ता भौतिक पूर्वाधारहरु अब संचालन हुन प्रक्रियामा रहेका छन् । यस आ.व.०७२/०७३ मा १३ वटा गरी हाल सम्म जम्मा १०४ वटा विभिन्न प्रकारका भौतिक पूर्वाधारहरु निर्माणका लाीग संझौता भएकोमा ५९ वटा सम्पन्न भइसकेका छन् भने अरु निर्माणधिन चरणमा छन् । भौतिक पूर्वाधारमा गरिएको लगानी, लाभान्वित घरधुरी तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३: भौतिक पूर्वाधार, लगानी र लाभान्वित घरधुरी**

| शिर्षक | | आ.व.०७१/०७२ | आ.व.०७२/०७३ | जम्मा रकम | लाभान्वित घरधुरी | उपरियोजनाको संख्या | गा.वि.स. |
|---|---|---|---|---|---|---|---|
| भैतीक पुर्वाधारक्षेत्रमा भएको लगानी (रु.मा) | सिचाई,खानेपानी, स्कूल, हेल्थपोष्ट भवन | **३०१७८७४०** | **२८५११३७८** | **५९७२७०२३** | **१५४१** | **२०** | **१९** |

### २.३.१ सचालन तथा मर्मत सभारका स्थिति

हाल सम्म संचालित योजनाहरुलाई दिगोरुपमा संचालन गर्नका लागी सदस्यहरुको क्षमता र अवसरले भ्याए सम्म मर्मत संभार कोष खडा गरिएको छ । जहा क्षमता भन्दा बाहिर छ त्यहा मर्मत सम्भारका लागी जि.बि.स., गा.बि.स. संचालक समिती र ब्यवस्थापन समितीलाई हस्तान्त्रण गरिएको छ ।

### २.३.२ सम्पन्न परियोजनाहरु

| क.स | सहयोगी सस्थाको नाम | सम्पन्न भौतिक पूर्वाधार उप परियोजना सख्या | कैफियत |
|---|---|---|---|
| १ | समाज सेवा डोटी | १८ | |
| २ | फेकोफन,डोटी | २६ | |
| ३ | सम विकास केन्द्र,नेपाल | १६ | |
| ४ | एकिकृत सामाजिक विकास समुह | १८ | |
| जम्मा | | ६९ | |

## २.४ क्षमता विकास
### २.४.१ सहयोगी संस्थाका कर्मचारिहरुको क्षमता विकास
गरीबी निवारण कोषले लक्षित समुदायमा लगानी मात्र गरेको छैन, त्यस लगानीको दीर्घकाल सम्म सहि सदुपयोप गरेर समुदायको गरीबीलाई न्यूनिकरण गर्ने उद्देश्य रहेको हुँदा त्यसको सहि सदुपयोगको लागि समुदायलाई आवश्य पर्ने क्षमता अभिबृद्धि सम्बन्धि काममा सहयोग गरेको छ भने समुदायलाई सहजीकरण गर्ने सहयोगी संस्थाका कर्मचारीहरुलाई विभिन्न प्रकारका तालिमहरु प्रदान गर्दै आइरहेको छ । यस आ.व. २०७२/०७३ मा कोषले संचालन गरेका तलिम र सहभागि संख्या निम्न अनुसार रहेकोछ ।

**तालिका-४: सहयोगी संस्थाका कर्मचारीहरुका लागि संचालन भएका तालिम र सहभागिको विवरण**

| क्र.सं. | तालिमको नाम | सहभागिहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | महिला | पुरुष |
| १ | १दिने घुम्तीकोष सम्बन्धि अभिमुखिकण | २ | ४ | १० | १६ | १ | १५ |
| २ | १ दिने सामुदायिक संस्थाको क्षमता मापन अभिमुखिकरण | ९ | ७ | ३६ | ५२ | १६ | ३६ |
| | जम्मा | ११ | ११ | ४६ | ६८ | १७ | ५१ |

### २.४.२ सामुदायिक संस्थाका सदस्यहरुको क्षमता विकासः
सहयोगी संस्थाहरु मार्फत सामुदायिक संस्थाको प्रमुख पदाधिकारीहरुको लागि नेतृत्व विकास, लेखाव्यवस्थापन, संस्थागत विकास, चक्रकोष व्यवस्थापन, वचत तथा ऋण परिचालन जस्ता संस्था संचालन सम्बन्धि तालिमहरु संचालन भएको छन् भने व्यवसाय विकासका लागि व्यवसाय अनुसार बाख्रापालन, वंगुरपालन, तरकारी तथा फलफुल खेती सम्बन्धि तालिमहरु र अन्य सिप विकाससंग सम्बन्धित तालिमहरु समेत संचालन गरिएका छन् । सामुदायिक संस्थाहरुलाई प्रदान गरिएका तालिम र तालिममा सहभागिहरुको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-५ ::सा.सं.का पदाधिकारी तथा सदस्यहरुका लागि संचालन गरिएका क्षमता विकास सम्बन्धि तालिम र सहभागिको विवरण**

| क्र.सं. | तालिमको नाम | सहभागिहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | महिला | पुरुष |
| १ | ३ दिने नेतृत्व विकास तथा लेखा व्यवस्थापन तालिम | ९ | २८ | ५३ | ९० | ७२ | १८ |

## ३. सहयोगी संस्था
जिल्लामा कोषको प्रवेश २०६२ मा भएपनि समुदायमा कामको शुरुवात भने आ.व.२०६३/६४ देखि शुरु भएको हो । समुदायमा सामाजिक परिचालन, सहजीकरण, प्राविधिक सहयोग, अनुगमन आदि जस्ता कार्य समुदायको नजिकमा रहेर गर्नका लागि यस जिल्लामा ४ वटा गैरसरकारी संस्थाहरुले कोषका सहयोगी संस्थाका रुपमा कार्य गरिरहेका छन् ।
। समुदायमा आधारित गैर सरकारी संस्थाहरु स्थानीय निकाय, अन्य सेवा प्रदायक प्राइभेट निकायहरु समेत कोषका संभाव्य सहयोगी संस्थाहरु हुन सक्ने कोषको प्राबधान रहेको छ । यि सहयोगी संस्थाहरुको काम समुदाय परिचालन, सहजीकरण, सामुदायिक संस्थाहरुको क्षमता विकासमा सहयोग पुऱ्याउनुको अलवा सामुदायिक आयोजनाको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, निर्माण तथा संचालन र मर्मत संभारमा सहयोग पुऱ्याउनु हो । यसरी डोटी जिल्लाका १ नगरपालीका सहित ५० गा.वि.स.मा सहयोगी संस्थाहरुले सामुदायिक संस्थाहरुलाई उल्लेखित सहजीकरणमा सहयोग पुऱ्याएका छन् ।

**तालिका-७ : सहयोगी संस्था र कार्यरत गा.वि.स.हरु**

| क्र.सं. | सहयोगी संस्थाको नाम | कार्यरत गा.वि.स. | कैफियत |
|---|---|---|---|
| १ | सम विकास केन्द्र | भूमिराजमाण्डौ, कपल्लेकी, मुडेगाउँ, मुडभरा, पचनाली, घण्टेश्वर,लामीखाल,बारपाटा,बाफ्ककानी,धिर्गामाण्डौ,चवराचौतारा,गगुडा,सातफेरी | |
| २ | फेकोफन | वगलेक, कलेना, खातीवडा, रानागाउँ, गिरिचौक, छपाली, जीजोडामाण्डौ,लाटामाण्डौ,तिजाली,वन्लेख,डौड,तोलेनी,दहकालीकास्थान | |
| ३ | एकिकृत सामाजिक विकास समुह | पोखरी, गाँजरी, गैरागाउँ, खिरसैन,छतिवन, सरस्वतीनगर, लक्ष्मीनगर, गडसेरा,सानागाउँ,काडामाण्डौ,निरौली वर्छैन, र मान्नाकापडी | |
| ४ | समाज सेवा डोटी | कानाचौर,केदारअखडा,सिमचौर,लानाकेदारेश्वर,कालिकास्थान,महादेवस्थान, घांगल, तिखात्तर, बासुदेवी, दुर्गामाण्डौं, दिपायल सिलगढी नगरपालीका, | |

## ३.१ सहयोगी संस्थामा कार्यरत जनशक्ति

कोषका लागि कार्यरत सवै सहयोगी सस्थाका कूल ५६ जना कर्मचारीहरु मध्ये जातिगत रुपमा १० जना दलित, ८ जना जनजाति, ३८ जना अन्य जातजातिहरु छन् भने लैंगिक अधारमा १७ जना  महिला र ३९ जना पुरुष कर्मचारीहरु छन् ।

## ३.२ सहयोगी संस्थालाई निकासा

सामुदायिक संस्थाहरुलाई सामाजिक परिचालन, सहजीकरण, प्राविधिक सहयोग आदि सेवा उपलब्ध गराउन कोषको मापदण्ड अनुसार प्रतिस्पर्धाका आधारमा छनौट भएका ४ वटा सहयोगी संस्थाहले यस डोटी जिल्लामा काम गर्दै आइरहेका छन् । कोषले यी सहयोगी संस्थाहरुसंग उनीहरुको कार्य सम्पादन मूल्यांकनका आधारमा वार्षिक रुपमा संझौता गर्दै आइरहेको छ। उल्लेखित कार्य गर्नका लागि सहयोगी संस्थाहरुसंग कोषले अलग्गै संझौता गर्दछ।
सहयोगी संस्थाहरुको लागि आ.व.०७२/७३ मा कुल रकम रु. १४२५५४७२ छुट्टाइएको थियो । जहाँ ७४.८०% सामाजिक परिचालन ७.५२ % प्राविधिक सहयोगमा, ०।८८% क्षमता विकासमा, ३.२०% अनुगमन, मूल्यांकन तथा प्रतिवेदनमा र १२.२८% रकम शिर्षभार तथा कार्यालय संचालनमा थियो ।  सामाजिक परिचालन अन्तर्गत सहयोगी संस्थाका कर्मचारीहरुको तलब र दुर्घटना विमा, नयाँ गा.वि.स.मा कोष र यसको कार्यक्रम संचालन प्रक्रिया सम्बन्धमा गा.वि.स. र वडा स्तरीय अभिमूखिकरण, सामुदायिक संस्था गठन पश्चायअत तिनीहरुका लागि मसलन्द सहयोग जस्तैः रजिष्टर, छाप, क्याल्कुलेटर, बाकस, फाइल आदि, सामुदायिक संस्थाहरुको परियोजना प्रस्तावना तयारी आदि जस्ता खर्चहरु समावेश छन् भने प्राविधिक सहयोग अन्तर्गत सामुदायिक भौतिक पूर्वाधार निर्माणको लागि पूर्व संभाव्यता अध्ययन, विस्तृत प्रतिवेदन, प्रस्तावना तयारी र इन्जिनियरिङ्ग खर्च समावेश छ ।  यसै गरी क्षमता विकास अन्तर्गत सामुदायिक संस्थाका सदस्यहरुलाई नेतृत्व विकास, लेखाव्यवस्थापन, जस्ता तालिम प्रदान गरिएको छ। भने सहयोगी संस्थाहरुका लागि पनि ३ दिने घुम्तिकोष ब्यवस्थापन अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो ।
त्यसै गरी कोषको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि जिल्ला स्थित विभिन्न विषयगत कार्यालयहरु, राजनीतिकदलहरु र स्वंय सहयोगी संस्थाका कार्यकारीहरुबाट अनुगमन तथा मूल्यांकनका लागि उल्लेखित रकम सो शिर्षककमा छुट्टाइएको  थियो र सोहि अनुसार अनुगमन गर्ने कार्य पनि भएको छ ।

## ३.३ सहयोगी संस्थाहरुको मुल्याकन

यस अवधिमा गरिवी निवारण कोषले आफ्ना सहयोगी संस्थाहरुको बिगतका बर्षहरु जस्तै गत बर्ष र यस बर्ष पनि सहयोगी संस्थाहरुको मुल्याडकन गर्ने कार्य सम्पन्न गरेको छ ।  गत बर्ष जसमा ग.नि.को. तर्फवाट मुल्याडक संयोजक तारा प्रशाद जोशी र डोटी कार्य प्रवन्धक लोकेन्द्र शिंह बडाल द्धारा मुल्याङ्कन कार्य सम्पन्न भएको थियो। जसमा सम विकास केन्द्र,ले ७८.९५ प्रतिशत,फेकोफन डोटीले ७९.१४ प्रतिशत,समाज सेवा डोटीले ७९.५६ र एकिकृत सामाजिक विकास समुहले ७७.१४ प्रतिशत, प्राप्त गरि ४ वटा सहयोगी सस्था बि स्तरको बर्गिकरणमा पर्न सफल भएका थिए  ।

र यस बर्ष गरिवी निवारण कोष कार्यक्रम लागु भएका प्रत्येक जिल्लामा जिल्ला विकास समितिको कार्यालयमा भित्र ईकाइ कार्यालय रहने र कार्य प्रबन्धक जिल्लामा नै रहने ब्यबस्था भएपछि जिल्ला विकास समितिसंगको समन्वयमा सहयोगि संस्थाको मुल्याङ्कन कार्य सम्पन्न भएकोछ । जसमा जि.वि.स.बाट स्थानीय विकास अधिकारीको प्रतिनिधीको हैसियतले जि.वि.स.को तर्फबाट वातावरण, उर्जा तथा जलवायु परिवर्न अधिकृत श्री प्रियव्रत जोशी र ग.नि.को. तर्फबाट जिल्ला कार्य प्रबन्धक बन्धु बिक्रम शाहीको २ सदस्यिय मुल्याङ्कन टोलीले आफ्नो कार्य सम्पन्न गरी मुल्याङ्कन प्रतिवेदन ग.नि.को.मा पठाएको छ ।

## ४. संस्थागत विकास तथा दीगोपना

यसको सहि सदुपयोगका लागि उनीहरुको क्षमता र संस्थागत विकासमा कोषले जोड दिएको छ । समुदायको संस्थागत विकासद्धारा नै उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने उद्देश्य अनुसार समुदायको संस्थागत विकासका लागि सामुदायिक संस्थाका पदाधिकारी एवं सदस्यहरुलाई संस्थागत विकास तालिम प्रदान गरिएको छ । त्यसै गरी लेखाव्यवस्थापन, बचत तथा ऋण परिचालन जस्ता तालिमले उनीहरुको संस्थागत विकासमा सहयोग पुर्‍याएको छ । संस्थाका सदस्यहरु महिनाको एउटा तोकिएको दिनमा भेला भई बैठक बस्ने, आफ्ना समस्याका बारेमा छलफल गर्ने र समस्या समाधानका लागि योजना बनाउने, सम्बन्धित निकायको सामुहिक प्रयासद्धारा धानाकर्षण गराउने जस्ता कामले उनीहरुको संस्थागत विकासमा सहयोग गरेको छ । पछिल्लो समयमा USAID को पहल कार्यक्रमसंग को समन्वयमा कार्यक्रम लागु भएका गाविसमा गनिको का सामुदायिक संस्थाहरुको क्षमता अभिवृद्धि गर्न बिभिन्न किसिमका तालिमहरु दिने सहमति भएकोछ ।

### ४.१ सामुदायिक संस्थाका संजाल (नेटवोर्क)

५० गाविस र नगरपालीका  मध्ये ५० वटा गा.बि.स. मा ५१ वटा संजाल तथा नेटवर्क गठन गरिएको छ । जसमा स्थापना भएका ५१ वटा संजाल तथा नेटवर्क मध्ये ५१ वटाले गरिवी निवारण कोष संग भौतिक पुर्वाधार बिकास योजनाको कार्य गरेको र छरिएर रहेका सामुदायिक संस्थाहरुलाई एउटा छाता संगठन भित्र आबद्ध गरी आफ्ना समस्याहरुलाई सामुहिक रुपमा बुलन्द गराउन सक्ने वातावरणलाई सहज बनाउन सामुदायिक संस्थाहरुको गा.वि.स.स्तरीय संजालहरु निर्माण भएका छन् ।  पोखरी, वासुदेवी,धिर्गामाण्डौ,सातफेरी,खाततिवडा ,गांजरी, गैरगाउँ, गा.वि.स.हरुमा स्कूल भवन निर्माण गर्न यस संजालले सहयोग गरेको छ भने डौड, तोलेनी गा.वि.स.मा लघुजलविद्युत निर्माण तथा संचालनमा महत्वपूर्ण भूमिका रहेको छ ।

### ४.२ सहकारीहरुको स्थापना तथा कार्य

५० वटा गा. बि. स.  र नगरपालीका मध्ये ४ गा.बि.स र नगरपालीकामा ४ वटा बहुउदेश्य सहकारी संस्था लि. खोली डिभिजन सहकारी कार्यालयमा दर्ता प्रक्रियामा रहेको र सहकारी नियम अनुसार दर्ता गर्न केही कठिनाई भएको कारण  सहकारीको नियम अनुसार  दर्ता प्रक्रिया बारे छलफल भईरहेको छ ।

### ४.३ अन्य सस्थागत विकास प्रयाश

पकेट क्षेत्र विकास कार्यक्रमलाई स्थानिय स्तरमा स्थापित गराई गरीव समुदायको संस्थागत विकासका लागि परियोजनाको प्रारम्भिक अवस्था देखि नै गा.वि.स स्तरीय सर्वदलिय संयन्त्र, गा.वि.स सचिव, जिल्ला कृषि विकास कार्यालय मातहतका सेवा केन्द्र, जिल्ला वन कार्यालय मातहतका इलाका पोष्टहरु र पशुसेवाका सेवा कार्यालयहरुलाई कार्यक्रममा संलग्न गराइने छ । पकेट क्षेत्र विकासका लागि नेपाल सरकारका यस्ता स्थानिय निकायहरुलाई संलग्न गराउँदा परियोजनाको दिगोपनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । यसका अलावा परियोजना अवधिभर सहयोगी संस्थाले समाजिक परिचालक तथा कृषि प्रविधिकहरुको मध्यमद्धारा लाभवान्वित वर्गहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने छ । विभिन्न विषयहरुका स्थानीय श्रोत व्यक्तिहरु तयार गर्नु यस परियोजनाको दिगोपना सम्वन्धि मुख्य

रणनीति हो । परियोजना सम्पन्न हुनु पूर्व विभिन्न उत्पादकहरुको वर्गीकरण गरी ति घरधुरीहरुलाई विभिन्न उत्पादक संघहरुमा पुर्नसंगठीत गर्ने र यसरी गठन भएका उत्पादक संघहरुलाई समेटी गा.वि.स स्तरीय एक महासंघ वा बहुउद्देशीय सहकारी वनाउने । कार्यक्रम संचालन गर्न बाँकी रहेका नयाँ तथा पुराना घरधुरीहरु सम्मिलित सामुदायिक संस्थाहरुको संस्थागत तथा दिगो विकासका लागि सामुदायिक संस्थामा आवद्ध व्यवसायीहरुलाई व्यवसायको आधारमा छुट्टयाउने । ति व्यवसायीहरुको छुट्टाछुट्टै भेला गराइ निजहरु सहकारीमा जाने वा उत्पादक संघमा जाने तय गर्ने उत्पादक संघ व्यवस्थापनमा सहयोग गर्ने वा निजहरुको योजना मुताविक एकल वा बहुउद्देशीय सहकारी निर्माण तथा दर्तामा साझेदार संस्थाले सहयोग गर्ने

लाभान्वित घरधुरीहरुको आर्थिक तथा वित्तिय अवस्थाका लागि कार्यक्रमले जिविकोपार्जनका चार क्षेत्रमा केन्द्रित रहि काम गर्ने छ । पहिलो कृषि क्षेत्रमा सुधार, दोश्रो गैर काष्ठ वन पैदावारको उचित व्यवस्थापन तथा विक्री, तेश्रो सार्वजनिक श्रोतहरुको पहुँचमा वृद्धि र चौथो वचत तथा ऋण । यसरी विभिन्न क्षेत्रमा काम गर्दा लाभवान्वित वर्गको आर्थिक अवस्थामा उल्लेख्य सुधार भई आफ्नो व्यवसायलाई स्वतन्त्र रुपमा अघि वढाउनका लागि सक्षम हुने छन् जसले गर्दा उनिहरुको दैनिक जिविकोपार्जनका लागि आवश्यक पर्ने श्रोत र सधानहरु जुटाउनमा उनिहरु सक्षम हुने छन् । यसले कार्यक्रम क्षेत्रको विकासमा उल्लेख्य सुधार हुने देखिन्छ ।

कार्यक्षेत्रबाट बर्हिगमनहुने रणनिती परियोजनाको अन्तिम वर्षमा लागू गरिने छ । यस रणनिती अनुसार कार्यक्रमका लाभवान्वित घरधुरीहरु स्वतन्त्र रुपमा आफ्नो व्यावसाय संचालन गर्न सक्ने किसिमले परियोजनाले सुरुदेखि नै विभिन्न क्रियाकलापहरु संचालन गरिने छ । कार्यक्रम बर्हिगमन पूर्व नै लाभवान्वित समुदायको सेवा प्रदायक निकायहरु, विभिन्न संजाल तथा विकासे साझेदारहरु संग समन्वय गराईने छ । विभिन्न व्यवसायमा संलग्न सा. सं. सदस्यहरुलाई उनिहरुको व्यवसायको आधारमा पुर्नवर्गिकरण (Regrouping) गरिने छ । यसरि वनेका नयाँ समुहहरुलाई व्यवसायी संघ वा उत्पादक संघ भनिनेछ । सदस्यहरुको ईच्छा वमोजिम यी समुहहरु सहकारीका रुपमा दर्ता समेत हुन सक्नेछन् । गठन भएका उत्पादक संघहरु तथा सहकारी संस्थाहरुलाई स्वतन्त्र रुपमा संचालन हुन सक्ने गरी क्षमता अभिवृद्धि गरिने छ । सवै उत्पादक संघहरुलाई उत्पादक महासंघ र सहकारीहरुलाई सहकारी महासंघ मा आवद्ध गराईनेछ ।

प्रत्यक वर्ष सहकारी महासंघ तथा उत्पादक महासंघको क्षमता लेखाजोखा गरिनेछ । पाचौ वर्षको अन्तिम चौमासीकमा सहकारी महासंघ तथा उत्पादक महासंघ लाई कार्यक्रम हस्तान्तरण कार्यशाला गरिनेछ ।

## ५. अनुगमन तथा मूल्यांकन

अघिल्ला आ.व.मा जस्तै यस आ.व.२०७२/७३ मा पनि संचालित कार्यक्रमको विभिन्न तह र निकायबाट अनुगमन गर्ने काम भयो । गरिवी निवारण कोषले पनि साझेदार संस्थाहरुले संचालन गरेका क्रियाकलापहरुको सरोकोवाला निकायहरु (राजनितक दल, पत्रकार, बिषयगत निकायहरु र जि.वि.स.)संगको संयुक्त अनुगमन गरेको छ । सामुदायिक संस्था आफैले अनुगमन उपसमिति बनाई आफ्ना सदस्यहरुले गरेका विभिन्न क्रियाकलापहरुको अनुगमन गर्ने व्यवस्था भए अनुरुप नै अनुगमन गरेको देखिन्छ । त्यस्तै सामुदायिक संस्थाहरुको संजाल बनेपछि संजालले पनि आफ्ना सदस्य संस्थाका सदस्यहरुले गरेका क्रियाकलापहरु जस्तै माग अनुसारको क्रियाकलाप संचालन गरे नगरेको, समयमा चक्रकोष तथा सो को व्याज असुली भए नभएको अनुगमन गर्ने गरेका छन् । त्यस्तै सहयोगी संस्थाका कर्मचारी तथा पदाधिकारी/सदस्यहरुबाट पनि कार्यक्रमको अनुगमन भइरहेको छ । त्यसै गरी गरीबी निवारण कोषबाट निरन्तर अनुगमन भइरेहको छ । यसरी हुने अनुगमनमा कार्यक्रम संचालन प्रक्रियामा अनुगमन, स्वीकृत माग अनुसारको श्रोत साधन समुदायमा पुगे नपुगेको, त्यस अनुसारको काम भए नभएको जस्ता कार्यक्रम शुरु देखि त्यसले दिने अन्तिम प्रतिफल सम्मको अनुगमन भएका छन् ।

बिश्व बैंकको Consultant संस्था MCRIL ले घुम्ती कोष कार्यशालाको शिलसिलामा छतिवन गाविसमा घुम्ती कोष अनुगमन साथै संस्थाका सदस्यहरुसंग छलफल गरेको थियो । त्यसै गरी गरिबि निवारण कोष र बिश्व बैंकको

संयुक्त टोलीले डोटी जिल्लामा रहेका साझेदार संस्थाहरु र  घण्टेश्वर, बनलेक र दि.सि.न.पा.का केही सामुदायिक संस्थाहरुको  घुम्तीकोष परिचान सम्बन्धि क्रियाकलापहरु पनि अनुगमन निरिक्षण र छलफल गर्ने कार्य सम्पन्न भएको छ ।

त्यस्तै सहयेगी संस्थाले आफ्नो कार्य क्षेत्र भित्रका कार्यक्रमको अनुगमन तथा मूल्यांकनको लागि जिल्ला स्थित सबै सरोकारवाला निकायहरु जस्तैः जि.वि.स., विषयगत कार्यालय, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकारहरुको संयुक्त टोलिबाट अनुगमन तथा मूल्यांकन गराउने काम भएको छ भने धेरै जसो गा.वि.स.मा गा.वि.स. सचिवहरुद्धारा अनुगमन तथा मूल्यांकन भएको छ । यसबाट कार्यक्रमका राम्रा तथा कमजोर पक्षहरुको पहिचान भई सुधारका प्रयासहरु पनि भएका छन् ।

अनुगमनकै सिलसिलामा अर्को महत्वपूर्ण कुरा के छ भने सामुदायिक संस्था दर्ता हुनु भन्दा अघि सामुदायिक संस्था बनाउँदा सबै प्रक्रिया, पुरा गरेर, उद्देश्य बुझेर सबैको सहभागितामा गरिएके हो होइन जस्ता कुराहरुको जाँचपड्ताल गर्न सम्बन्धित सामुदायिक संस्थामा नै गई समुदायसंग पुनः सो सम्बन्धमा अन्तर क्रिया गर्ने गरिन्छ । त्यस बखत कोषको परिभाष भित्र परेका गरीबहरु छुटेका भए र उनीहरुको स्वइच्छा भए समावेश गर्ने र कोषको परिभाषा भन्दा बाहिरको व्यक्ति समावेश भएको भए समुदायकै रायसुझावमा हट्ने/हटाउने काम पनि भएका छन् । त्यसै गरी सामुदायिक संस्थासंग संझौता हुनु अधि उनीहरुले गरेका मागहरु उनीहरुको आफ्नै स्वइच्छाले मागे नमागेको, माग सो ठाउँका लागि सामान्यतया आर्थिक, प्राविधिक, सामाजिक, वातावरणीय आदि हिसाबले उचित भए नभएको उनीहरुसँगै पुनः अन्तरक्रिया, छलफल गरी हेर्ने गरिन्छ । यसका लागि भौतिक पूर्वाधार सम्बन्धि परियोजना भए सम्बन्धित विषयको इन्जिनियर पठाउने गरिएको छ । यो प्रक्रिया सबै सामुदायिक संस्था र सबै परियोजनामा गर्ने काम भएको छ ।

## ५.१ सिर्जनशिलता तथा उत्कृष्ट प्रयाशहरु(Innovation and Best practices)

- कार्यक्रमको बारेमा समय समयमा सामुदायिक संस्थाका सदस्य, गा.वि.स. सचिब र अन्य सरोकारवाला निकायहरुको भेला गरी कार्यक्रमको पुनः अभिमुखिकरण तथा आवस्यक छलफल गरीएमा कार्यक्रमको मर्म, उदेश्य बारेमा सामुदायिक संस्थाका सदस्य तथा सरोकारवाला निकायहरुले बुझ्ने मौका पाई कार्यक्रम प्रति उनिहरुको धारणा सकारात्मक हुने सिकाई रहेको छ ।

- गा. बि. स. सचिबको उपस्थितीमा सामुदायिक संस्थाका सदस्यहरुलाई जोडी छलफल तथा अभिमुखिकरण गर्न सकेमा घुम्तिकोष रकमको सावा तथा ब्याज असुली गर्न सहज र सरल हुने सिकाई रहेको छ ।

- गा. बि. स. सचिवलाई सामुदायिक संस्थाका सदस्य तथा अन्य सरोकारवाला निकायहरुको बिचमा कार्यक्रमको बारेमा बोल्न तथा सहिजीकरण गर्ने वातावरण सृर्जना गर्न सके सामुदायिक संस्थाका सदस्य तथा अन्य सरोकारवाला निकायहरु सजग हुनुको साथै कार्यक्रम प्रति जवाफदायी हुने सिकाई रहेको छ ।

## ५.२ सामाजिक पुन मुल्याकन परिणाम(Social Reassessment Result)

हाल सम्म ३२ वटा गाविसका ४३० वटा सामुदायिक सस्थाहरुको पुन सामाजिक विश्लेषणको आधारमा आथिर्कक,समाजिक,शैक्षिक,स्वास्थ्य,जनसख्या स्तरको आधारमा नतिजा अनुसार पहिलो अवस्था भन्दा हालको अवस्था क्रमिक रुपमा बृद्धि भएको छ ।

## ५.३ CO graduation

तथ्याङ्कहरुलाई निम्नानुसार टेवुलमा हेर्न सकिन्छ ।

| सि.नं. | सहयोगि सस्थाको नाम | बिभिन्न बर्गमा भएका सामुदायिक संस्थाहरुको संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | क बर्ग | ख बर्ग | ग बर्ग | घ बर्ग | |
| 1 | समाज सेवा | २ | १० | ९२ | ६४ | |
| 2 | फेकोफन | १ | २० | १४५ | १९ | |
| 3 | सम विकास केन्द्र | १ | ५ | ७६ | ८४ | |
| 4 | एकिकृत सामाजिक विकास समुह | २ | ३ | ७४ | ९ | |
| जम्मा | | ६ | ३८ | ३८७ | १७६ | |

## ७. उत्पादित वस्तुहरुको लागि बजारको अवस्था तथा पकेट क्षेत्र विकास(Activity based pocket Area development)

हाल जिल्लमा उत्पादन भइरहेका उत्पादनका लागि बजारको समस्या देखिदैन । ग्रामीण सडकहरुको द्रुत्तर विकासले अझ आफ्ना उत्पादनलाई बजार सम्म पुर्‍याउन सहज भएको देखिन्छ । विकास क्षेत्रकै सदरमुकाम भएकोले दिपाय आफैमा ठुलो बजार हो भने जिल्ला समदरमुकाम पछिका उप बजारहरु पनि त्यत्तिकै विकास भएका छन् र यो क्रम अझ जारिछ । त्यस्तै जिल्ला बाहिरको कुरा गर्दा छिमेकी जिल्ला डडेलधुरा, अछाम, कैलाली, कञ्चनपुरका सदरमुकाममा पुग्न पक्कीबाटोको विकास भएको हुँदा ३–५ घण्टामा सजिलै पुग्न सकिन्छ । यस जिल्लाका घण्टेश्वरबाट वर्षादयाममा हरियो सागसब्जी धनगढीमा हालपनि गइरहन्छ भने त्यहँको जडिबुटी विक्रि हुने बजारहरु पनि धनगढी, महेन्द्रनगर हुन् । यति हुँदा हुँदै पनि आफ्ना उत्पादनको उपयुक्त मुल्यका लागि थप बजारको खोजी र उत्पादनलाई अन्यको उत्पादनसंग प्रतिष्पर्धी बनाउन त्यसलाई अपग्रेडिङ्ग आर्कषक प्याकिंग र गुणस्तरयुक्त बनाउनु भने पिछडिएको घरेलु उत्पादन चुनौतिकै विषय हुन् ।
भविष्यमा बजारको अभाव हुन नदिन र उत्पादित वस्तुहरुको उचित मुल्य पाउन भन्नका लागि गरिवी निवारण ईकाई कार्यालय, डोटीले अदुवाका लागि जिल्ला स्थीत सरोकारवाला निकाय र सुर्खेत जिल्लामा रहेको ............ प्रा.लि.संग समन्वय मिटिङ् गरि जिल्लामा उत्पादित अदुवाको बजार लिङ्केजको कार्य थालनि भएको छ । छतिवन गाविसमा सामुदायिक संस्थाका सदस्यहरु दुधको बजार लिङ्केज आफ्नै पहलमा गरेका छन । उनीहरुले त्यहाँ उत्पादित दुधलाई छिमेकि जिल्ला डडेल्धुराको आलिताल गाविसमा रहेको सहकारी संस्थालाई बिक्रि गर्ने गरेका छन र त्यसवाट उनीहरुले राम्रो फाइदा लिरहेका छन् ।

## ८ समन्वय तथा सम्पर्क

गरीबी निवारण जस्तो कठिन विषयलाई संबोधन गर्न कसैको पनि एक्लो प्रयासले सम्भव हुँदैन त्यसैले यसमा सबै सरोकारवाला पक्षहरुको सहभागिता आवश्य हुन्छ भन्ने सबैले स्वीकारेको निर्विवाद विषयलाई कोषले पनि आत्म साथ गरेको छ र त्यसै अनुरुप यस डोटी जिल्लामा पनि सरोकारवाला निकायहरुसंग निरन्तर समन्पवय र सम्पर्कमा रहिरहेको छ । बिषेश गरेर जिल्लामा कोषको ईकाई कार्यालय जि.वि.स. भित्र रहने र जिल्ला कार्य प्रबन्धकहरु जिल्लामा नै रहने व्यवस्था भएपछि यस जिल्लामा कार्यक्रमको प्रभावकारिता बढेकोछ र कोषले बिभिन्न सरकारी, गैर सरकारी, प्राइभेट संस्थाहरुसंग बिभिन्न बिषयमा समन्वय बैठकहरु गरि आउँदा दिनहरुमा कार्यक्रममा दोहोरोपन नआउन दिन,

सामुदायिक संस्थाहरुको क्षमता अभिबृद्धि गर्न, सम्भावित पकेट एरियामा सहकार्य गरेर जान, बजार ब्यवस्थापन र प्रबद्धन गर्न सहमति भएका छ ।

### ८.१ स्थानिय सरकार तथा निकायसंग समन्वय तथा सम्वन्ध

कोषले कहिले आफ्नै पहलमा र कहिले सहयोगी संस्थाहरु मार्फत जिल्ला स्थित सबै विषयगत सरकारी कार्यालय, जिल्लामा क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुका प्रतिनिधि, राजनितिक दलका प्रतिनिधिहरु, संचार माध्यमका प्रतिनिधिहरुसंघको बीचमा जिल्लामा संचालित कोषका कर्यक्रमका सम्बन्धमा समिक्षा एवं अन्तरक्रिया गर्ने गराउने काम भएको छ । यस समिक्षा अबधीमा जिल्ला विकास समितिमा १ पटक यस्ता समिक्षा कार्यक्रमहरु सम्पन्न भएका छन् । छलफलकै आधारमा कतिपय परियोजनाहरु संयुक्त प्रयास⁄लगानीमा भएका छन् । धिर्कामाण्डौ , सातफेरी ,डौड र तोलेनी गा.वि.स.मा सम्पन्न ६ वटा लघुजलविद्युतभ कोष, जिल्ला उर्जा विकास कार्यालय, गा.वि.स.र समुदायको साझेदारीमा सम्पन्न भइसकेका छन् ॥ त्यसै गरी पोखरी, गाँजरी गा.वि.स.मा स्कूलल निर्माण भएका छन् । यसै गरी सहयोगी संस्थाहरुका बीचमा पनि मासिक रुपमा कार्यक्रमको समिक्षा तथा अनुभव आदन प्रदान गर्ने कार्य निरन्तर रुपमा भइरहेका छ ।
यसै गरी सम्पर्क तथा सम्बन्ध विस्ताका लागि कोषका जिल्लामा कार्यरत सहयोगी संस्थाहरुले जिल्ला विकास समितिमा चौमासिक, वार्षिक र जि.वि.स.ले माग गरेका वखत कार्यक्रम सम्बन्धमा प्रतिवेदन पेश गर्ने गरेका छन् । सहयोगी संस्थाहरुबाट पेश भएका कार्यक्रम तथा बजेटलाई जिल्ला विकास योजनामा समावेश गर्ने गरिएको छ । यसै गरी गा.वि.स.हरुमा समेत गाउँ परिषदमा उपस्थित भई आआफ्ना कार्यक्रमहरुको बारेमा जानकारी दिने र समिक्षा गर्ने गरिएको छ । यसबाट समन्वय र सम्पर्कमा विस्तार भइरहेको छ । त्यस्तै कोषबाट पनि चालु आ.व.को प्रगती, समिक्षा र आगामी आ.व.को कार्यक्रम तथा बजेट पेश गर्ने कार्य भएको छ ।

### ८.२ अन्य विकास साझेदारहरुसंग समन्वय तथा सवन्ध

जिल्ला स्थित विषयगत निकाय,सरकारी र गैर सरकारी निकायको समन्वय सहकार्यमा कार्यक्रम संचालन गर्ने गरिएको जस्तैःगरीवी निवारण कोष,यु.एम.एन,जिल्ला पशु सेवा कार्यालय,बुसंक्षरण कार्यालय,स्वास्थ्य चौकि भवन ,लघु जल विद्युत,जिल्ला उर्जा विकास शाखा, घरेलु तथा साना उद्योग कार्यालय, लगायत सरकारी तथा गैससहरु समन्वय सहकार्य गरिदै आएको छ।
भौतिक पुर्वाधार अर्न्तगत गाविस,जिविस र अन्य निकायको सहकार्यमा योजनाहरु सम्पन्न गर्ने गरिएको। जस्तै :उन्नत जातको गाईपालन,रजिष्ट्रक स्टोर भवन,सिचाईकुलो

### ८.३ सचार सवन्ध (Media relation)

कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा सम्पन गर्नको लागी कार्यक्रमको बारेमा कार्यक्रमले लक्षित्त गरेका बर्ग तथा सरोकार निकाय र आम जनतालाई जानकारी हुन आवश्यक छ । गरिवीको न्यूनिकरण गर्न गरिवी निवारण कोषले विभिन्न सकारात्मक कार्यहरु थालेको छ । यसको बारेमा जानकारी नहुदा कार्यक्रम सोचे जति प्रभावकारी नहुन सक्छ । त्यस कारण कार्यक्रमलाई प्रभावकारी बनाउन आम संचारको अति नै आवश्यक देखिन्छ । यहि कुरालाई मध्येनजर गरि गरिवी निवारण कोष, ईकाई कार्यालय, डोटीले कार्यक्रमको ब्यापक प्रचार प्रसारका लागि जिल्लाका ग्रामिण ईलाकाहरुकम्म कार्यक्रमको प्रभावकारीताका लगि यसै बर्षबाट रेडियो कार्यक्रम **“पौरखि हातहरु”** नामक रेडियो कार्यक्रम संचालन गरेकोछ । साझेदार संस्थाहरुले पनि कार्यक्रमको प्रभावकारीताका लागि प्रत्येक बर्ष संयुक्त रुपमा बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिरहेकाछन ।

## ६. जिल्लामा देखिएका संभाव्यताहरु

यस जिल्लाको सामाजिक आर्थिक विकासका लागि थुप्रै संभाव्यताहरु देखिन्छन । वनजंगलको प्रचुरताले गर्दा जिल्लाको दक्षिणी भेगमा पशुपालको असाध्यै संभाव्यता देखिन्छ भने धेरै जसो क्षेत्रमा मौसमी तथा वेमौसमी तरकारीको त्यत्तिकै संभावना देखिन्छ । सेती नदीको किनारामा असाध्यै उव्जाउ जमिन भएका कारण पानीको श्रोत भएका स्थानहरुमा सोहि श्रोतबाट र नभएका स्थानहरुमा सेती नदीको पानीबाट सिञ्चीत गरी त्यसबाट थुप्रै आयआर्जन गर्न सकिन्छ । त्यस्तै यस जिल्लाको बहुमूल्य र प्रचुर मात्रामा उत्पादन गर्न सकिने जडिबुटी हो । तर यसको हाल सम्म सहि सदुपयोग हुन सकिरहेको छैन । त्यस्तै सुन्तला, मौसम जस्ता फलफुलहरु Season मा असाध्यै उत्पादन हुने तर उपुक्त भण्डार अभावको कारण त्यसको उचित मूल्य पाउन नसकिरहेको अवस्थामा त्यसको उचित भण्डारको व्यवस्था गर्न सकिए यसबाट पनि त्यत्तिकै आम्दानी गर्न सकिने संभावना देखिन्छ । यस्तै अदुवा लगायतका थुप्रै नगदेवालीहररु, मौरीपालन व्यवसाय पनि त्यत्तिकै संभावना भएका देखिन्छन् । त्यस्तै खप्तड राष्ट्रिय निकुञ्ज आफुमा प्राकृतिक सम्पदाले भरिपूर्ण भएको हुँदा यसको उचित प्रबन्ध हुन सके डोटी जिल्लाको मात्र नभएर समग्र सूदुरपश्चिामाञ्चलकै मुहार फेरिने संभावना देखिन्छ ।
यसै गरी भौतिक पूर्वाधार तर्फ सुधारिएका पानीघट्ट, माइक्रोहाइड्र, ग्रामीण सडक, डेरी, तिस्यान केन्द्र, संकलन केन्द्र, स्कूल, हेल्थपोष्ट भवन, झोलङ्गेपुलहरु, खानेपानी, सानासिंचाई परियोजनाहरु प्रवल सम्भावना र असाध्यै आवश्यक देखिन्छन् । जसको कार्यान्वयनले गरीब समुदाय र जिल्लाको सामाजिक आर्थिक अवस्थामा व्यापक सुधार हुने देखिन्छ ।

## ९.कोषको सहयोगमा जिल्लामा संचालित कार्यक्रमबाट देखिएका केहि सकरात्मक प्रभावहरु

जिल्लामा गरिएको लगानीको समग्र प्रभाव कस्तो रह्यो भन्ने सम्बन्धमा लाभान्वित सामुदायिक संस्थाका सदस्यहरुसंग गरिएको अन्तरक्रिया, छलफल आदिबाट देखिएका केहि प्रभावहरु देहाय अनुसार छन्

- सामुदायिक संस्थामा आबद्व हुनु अघि आफ्ना दैनिकी संचालन गर्नका लागि गाउँकै साहु महाजनबाट वार्षिक ३६-६०% दरको व्याजमा ऋण लिने गर्दथे । यसरी लिएको ऋणको साँवा र व्याज त उनीहरुले फिर्ता गर्नु पर्थ्यो नै साथै ऋण लिएवापत उनीहरु साहुको घरमा विना पारिश्रमिक दासले जस्तै काम गरिदिनु पर्थ्यो । हाल त्यसमा पुरै कटौती भएको छ । सामुदायिक संस्थामा आबद्व गरीबहरुले आफ्नै संस्थाबाट आफुलाई आवश्यक पर्ने ऋण सस्तो व्याजमा लिने गरेका छन् । यसबाट उनीहरुको आफ्नो दैनिकीमा सुधार मात्र भएको छैन आयआर्जनामा बृद्दि भई आफ्ना बालबालिकाहरुलाई स्कूल पठाउने गरेको समेत पाइन्छ ।

- आफुलाई आवश्यक पर्ने ऋणका लागि आफ्नै सामुदायिक संस्थामा माग गर्ने, संस्थाका सबै सदस्यहरु बसेर एक आपसमा छलफल गर्ने उचित देखेमा आफ्ना सदस्यलाई ऋण दिने, सो ऋणको व्याज तोक्ने, ऋण असुली अबधी तोक्ने यी यावत सबै काम सामुदायिक संस्थाका सदस्यहरुले गर्ने गरेका हुँदा यस कार्यक्रम प्रति समुदायको अपनत्व भएको स्पष्ट देख्न सकिन्छ ।

- कार्यक्रम संचालन भएका गा.वि.स.का धेरै जसो महिलाहरुलाई चुलाचौका बाहेक अन्य जानकारी थिएन । हाल यस कार्यक्रममा ९० प्रतिशत भन्दा बढी महिला सदस्य छन् । आजकल उनीहरु महिनामा तोकिएको दिनमा उपस्थित हुने एक आपसमा आ-आफ्ना समस्याहरुको बारेमा छलफल गर्ने,आ-आफ्ना हिसाब किताब राख्ने,देखाउने, सामुदायिक संस्थामा के भइरहेको छ, जानकरी लिने गर्दछन् । यसले साच्चीकै गरीब महिलाको जीवन यापनलाई सार्थकता बनाउने तर्फ उनीहरुलाई स्वतस्फुर्त बनाएको छ ।

- नागरिकता किन चाहिन्छ भन्ने अधिकांशलाई महिलाहरुलाई थाहा थिएन । सामुदायिक संस्थामा बैंक खाता संचालनको अनिवार्य नागरिकता हुनुपर्ने भएकोले सो नागरिकता बनाउने क्रममा नागरिकता नभएका सबै

सदस्यहरुले नागरिकता बनानु पर्ने कुरालाई सहजीकरण गरिएको हुँदा हाल अधिकांस महिलाहरु संग नागरिकता देख्न सकिन्छ ।

- डौड, तालेनी जस्ता केन्द्रको विकासले कहिल्यै नछुने आरक्षण/संरक्षण क्षेत्र (खप्तड राष्ट्रिय निकुञ्ज) संग जोडिका घरघुरीहरु हाल लघुजलविद्युत मार्फत बत्तिमा रमाएका मात्र छैनन् मट्टितेलमा हुने सयौ रुपियाँ वचत गर्न सफल भएका छन् भने उनीहरुका केटाकेटीहरु रमाइ-रमाई पढिरहेका छन् । टेलिफोन, मोवाइलफोन, टेलिभिजन, रेडियो आदि चलाई मनोरञ्न गरेको देख्न सकिन्छ ।

- दलितहरुका लागि चिया/पानी पिउन, खाना खान होटलमा समेत अलग भाँडा राख्ने समाजका दुर दराजका गाउँहरुमा समेत दलित र गैरदलित संगै बसेर छलफलद्वारा आफ्ना सामुहिक समस्याहरुको टुंगो लगाउने परिपाटीको सिर्जना हुनु कार्यक्रमको प्रतिफल हो । त्यसै गरी हाल बजारउन्मुख स्थान वरीवरिका दलितहरुको दुध समेत विक्रि हुन थालेको छ ।

## १०. सिकाई तथा चुनौतिहरु

**सिकाई :**

- योजनाको तयारी देखि कार्यान्वयनका सबै प्रक्रिया र तहमा समुदायको प्रत्यक्ष संलग्नता भएको हूँदा यस कार्यक्रममा समुदायले स्वामित्व लिएका छन् ।
- समुदायको प्रत्यक्ष संलग्नतामा र सघन रुपले संचालन गरिने सामुदायिक परिचालनले सामुहिक आवाजलाई बुलन्द गराउने भएकाले गरीबी र असाक्षरता व्याप्त भएको समुदायमा पनि आफ्नो जीवनस्तरलाई माथि उठाउने एउटा अवसरको रुपमा समुदायले लिएको छ भने यहि सघन र सहभागितात्मक सामाजिक परिचालनले लाखौको लागतमा सम्पन्न गरिएका भौतिक पूर्वाधारमा समुदायले स्वतस्फूर्त रुपमा योगदान गर्न सक्षम भएका छन् ।
- कोषको कार्यक्रमको प्रत्येक तहमा पारदर्शिता भएकाले समुदायले पनि सोहि अनुसार आफ्ना कार्यक्रमहरुलाई पारदर्शि तरिकाले संचालन गरेका छन् ।
- अन्तिम लक्षित वर्ग सम्म कार्यक्रम पुर्‍याउन सोहि वर्गको संस्थागत विकासलाई प्रमुख अस्त्रको रुपमा लिएको हुँदा समुदाय आफ्नो संस्थालाई संस्थागत रुपम दिन तत्पर देखिन्छन् ।
- आवाजविहिन र श्रोतसाधनविहिन कैयौ वेसाहारा जस्तै भएका गरीब महिलाहरुको कार्यक्रममा असाध्यै सहभागिता रहेको छ ।
- साझेदार संस्थाहरुको समुदाय प्रतिको सेवाभावले असाध्यै कठिन भौगोलिक वस्तिमा बसोवास भएका समुदायसम्म कार्यक्रम पुराउन सहज भएको छ । यसले सिमान्तकृत र सामाजिक बहिष्करणमा परेको समुदायको आवाजलाई अगाडी ल्याउन सहज बनाएको छ । यस कार्यक्रमले तिनीहरुको विश्वास जितेको छ ।
- विभिन्न निकाय र व्यक्तिहरुबाट हुने कार्यक्रमको निरन्तर अनुगमन प्रक्रियाले समुदायलाई आफुले संचालन गरेका कामप्रति उत्तरदायि हुन समेत सिकाएको छ ।

## चुनौति

- सामुदायिक संस्थाका अधिकांस सदस्यहरु असाक्षर भएका हुँदा उनीहरुको क्षमता विकास गरी उनीहरुको संस्थालाई स्वतस्कफूर्त रुपमा संचालन गराउन सक्ने बनाउन ।
- घुम्तिकोषको व्यवस्थापन र व्यवस्थित रुपमा संचालन गरी त्यसलाई दीर्घजीवी बनाउन ।
- भूमिहिनहरुलाई आयआर्जन क्रियाकपालहरुको विकल्प पहिचान गरी उनीहरुको आर्थिक अवस्थालाई माथि उठाउन ।
- जोखिमयुक्त पशुहरु जस्तै बाख्रा जस्ता पशुहरुको विमा गराई जोखिम कम गर्न ।

- उनीहरुको उत्पादनलाई बजारसम्मको पहुँचका साथै प्रतिष्पर्धी बनाउन ।
- समुदायको बढ्दो मागलाई सहि समयमा संबोधन गर्न ।
- कानूनी मान्यता प्राप्त संस्थाको रुप लिई दीर्घकाल सम्म संचालन हुन सक्ने बनाउन ।
- अन्य सेवा प्रदायक निकायहरुसंगको सेवा लिन सक्ने बनाउन ।

## ११. आगामी योजना

- आगमी आ.व.२०७३/७४ भित्र जिल्लाका सबै गा.वि.स.मा रहेका बस्तिहरुको कार्यक्रम विस्तार गर्ने ।
- श्रोत भएरपनि शुद्ध खानेपानी नभएका गरीब समुदायमा शुद्ध खानेपानी पुर्‍याउन सहयोग गर्ने ।
- अन्य आधारभूत भौतिक पूर्वाधार जसले गरीबको जीविकोपार्जन प्रत्यक्ष सहयोग गर्दछ, निर्माण तथा संचालन गर्न सहयोग तथा सहजीकरण गर्ने ।
- सामुदायिक संस्थाहरुलाई आफै संचालन गर्न सक्ने बनाउन उनीहरुको संस्थागत विकास तथा क्षमता विकास जस्ता तालिमहरु संचालन गर्ने । जसले सामुदायिक संस्थाहरुलाई कानूनी मान्यता प्राप्त संस्थाहरु बन्न सहयोग पुर्‍याउने छ ।
- समुदायमा सामुदायिक पशु विमा समिति बनाई आफ्ना पशुहरुको विमा गर्ने र सो सम्बन्धि आवश्यक योजना बनाउन सहयोग गर्ने ।
- संभाव्यताका आधारमा विभिन्न उत्पादनका (PotentialAreas) पहिचान गरी तिनीहरुलाई (Clustering) गर्ने ।
- गरीबीको क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय तथा सम्बन्ध विस्तार गर्ने ।
- Pocket Area हरुको पहिचान गरि त्यसको प्रवर्द्धन गर्ने ।

## १२.सफलताका कथाहरु

### *सामुदायिक सस्थाको ऋण सहयोग बाट गाउँमा पसल संचालन*



कानाचैर गाविस वडा नं ८ मेल्टामा. बस्ने जंगे धामी. एक गरिव परिवारका ब्यक्ति हुन ।उनको घरमा श्रीमती र ३ छोरा १ बुहारी र २ वटा नाति गरि जम्मा ८ जना परिवार रहेका छन ।

घर परिवार चलाउने जिम्मा पाएका धामी  आज भोली ब्यपारीको रुपमा चिनिन्न थालेका छन ।बाकसमा खुद्रा समान बेच्ने धामी ले गरिवी निवारण कोष र समाज सेवा डोटी को साझेदारीमा संचालित **आय आर्जन तथा लघु उद्यम विकास द्धारा सशक्तिकरण** कार्यक्रम अर्न्तगत कानाचौर गाविस वडा नं ८ मेल्टामा मिति २०७०।१०।१५ गते गठित भगवतेश्वर सामुदायिक सस्था  बाट  खुद्रा पसल संचालन गर्ने का लागी रु २५ हजार रकम ऋण लिई र बाकी रकम आफु थपी करिव रु ५० हजार बरावरको खुद्रापसल संचालन गरेका छन ।

धामी बहादुर भन्छन “यस अघि  गाउमा एउटा पनि पसल नहुदा यस बस्तिका मानिसहरु लाई घरयासी सामान खरिद गर्न गाउँ देखि ३ घण्टा को दुरीमा पर्ने अछाम जिल्लाको बजार जानु पर्ने बाध्यता रहेको

थियो । अहिले भगवतेश्वर सामुदायिक सस्था मा आवद भएपछि ,ऋण सहयोग पाउदा पसल संचालन गरे र गाउँमै घरयासी सामान विक्रि गरि सुविधा पनि भईरहेको साथै मेरो घरायसी खर्च चलाउन पनि सजिलो भएको छ” ।

तपाई यो ब्यवसायको बारेमा आफु र अरुलाई केहि कुरा भन्न चाहन्नुहुन्छ भन्दा ।उनले भन्ने “मेरो सानै छदाको ब्यपार गर्ने धोको गरिवी निवारण कोष र समाज सेवाले पुरा गरिदिएको मा म सस्थालाई धन्यवाद दिन चाहन्छु । जसरी अहिले पसल संचालनमा सामुदायिक सस्थाले ऋण रकम सहयोग गरेको छ ।त्यसरी नै म तोकिएको समय भित्र लिएको ऋण रकम फिर्ता गरि थप ब्यापार गर्नका लागी ऋण रकम माग गरि चलिरहेको ब्यापारलाई अझै विस्तार गर्ने मेरो आगामी योजना रहेको छ ।साथै रकम छैन भनी समय खेर फालीरहेका अन्य सदस्यहरुलाई पनि समाज मा आय आर्जन गर्ने सम्भावनाहरु धेरै छन मात्र लगनशिलताका साथ ब्यवसाय गरे अवश्य सफल भईन्छ । जहा ईच्छा त्यहाँ उपाय भने झै ब्यवसाय गर्ने को लागी आट र ईच्छा शक्तिको खाचो पर्दोरहेछ । त्यसैले खालि नवसी सबैले ब्यवसाय गरुन भन्न चाहन्छु ।

स्थिानिय बासि भन्छन “पसल नहुदा घरायसी सामानहरु किनमेल गर्न साफेबजार जानु पर्दा ।समय बढी लाग्ने र खर्च पनि बढि हुने गर्दथ्यो ।तर अहिले गाउँ मै पसल संचालन भएपछि समान किनमेल गर्न टाढा जानुपर्ने समस्या समाधान भएको छ । र समयको पनि बचत भएकोले धेरै सुविधा पाएको छौ” ।

## *गरिबी निवारण कोषले ल्यायो नन्दाको जिवनमा परिवर्तन ।*



१.नाम नन्दा देबी अधिकारी २.ठेगाना जिजोडामाण्डौ ९
३.संगठन लाटा गन्याप सामुदायिक सँस्था अध्यक्ष

**४.पृष्ठभूमि (परिवार तथा भुगोल)** :सदरमुकाम सिलगढीबाट भौगोलिक दृष्ट्रिकोणका आधारमा डोटी जिल्ला मध्यको एक गा.बि.स.जिजोडामाण्डौ पनि हो यस गा.बि.स.को वडा.न .९ का स्थानिय बासी नन्दा देबी अधिकारी एक गरिब विपन्न परिवारका महिला हुन् । नन्दा देबी अधिकारीका छोरा,१ छोरी,२ बुहारी, श्रीमान र आफु गरी ६ जनाको परिवार छ । निज नन्दा देबी अधिकारी को आर्थिक स्थिति कमजोर भएका कारण बिहान बेलुकाको छाक टार्न र छोराछोरीको खर्च जुटाउन समेत ग्राहो पर्दथ्यो ।

५. **विगतका अवश्था तथा दृश्य** नन्दा देबी अधिकारीका  श्रीमान पैसा कमाउन भाारत तिर जाने गर्दथे  र मजदुरी गरेर गुजारा गर्ने गदर्थे र घरायसी कामकाज चलाउनका लागी पनि साहु कहाँ गएर सय कढा माशिक रु ३ का दरले ब्याजे पैशा निकालेर कामकाज चलाउनु बाहेक उनि संग अरु कुनै बिकल्पै थिएन ।उनको पारिवारिक अवस्था नाजुक थियो  घरायसी   काम काजका साथै खेती पाती को कामसबै जिम्मेवारी निज नन्दा देबी अधिकारीकै थाप्लामा रहेको थियो

**६. वर्तमान अवस्था:**  गरिबि निवारण कोषको आर्थिक सहयोगमा बाखापालन  ब्यबसाय  सुरु गरेको एकबर्षभित्र निज नन्दा देबी अधिकारीले स्थानिय वजार बाट बाखा खरिद गरि गाउँघर मा  बिक्रीवितरण गरि आयअआर्जन गरेकी छन् । जम्मा १२००० अक्षरुपी बाह्र हजार मात्र संस्थाबाट ऋण लिई उनले व्याबसाय सुरु गरेका थिए । त्यस बाट आएको आम्दानी रकमबाट निज नन्दा देबी अधिकारीले  आफ्नो घरमा छोराछोरी पढाउने काम गरनुका  साथै केहि थप बाखा पनि खरिद गरि राम्रो आम्दानी गरिरहेकी छन भने  सामुदायिक संस्था लाई एक बर्ष भित्रै रु १२००० सावाँ र त्यसको ब्याज स्वरुपको रकम रु १४४०  ब्याज  फिर्ता गरनुका साथै व्यवसाय विस्तारै विस्तारगरी लैजाने योजना उनले बताए भने अब उपरान्त  श्रीमान लाई पनि ब्याबसायिक रुपले बाखा पालन गरि अन्य कामकाज लाई पनि संगै बढाउन लगाने कुरा सुनाईन हाल निज नन्दा देबी अधिकारी संग ७ वटा माओ बाखा र ४ वटा बोका रहेका छन

**७. परिवर्तनको कारण** :गरिबी निवारण कोषको आर्थिक सहयोग र सामुदायिक बन उपभोक्ता महासंघ नेपाल जिल्ला महासंघ डोटीको प्राविधिक सहयोगमा संचालित सामाजिक परिचालन द्धारा ग्रामिण गरिबी न्यूनिकरण कार्यक्रमका माध्यमले नन्दा देबी अधिकारी  जीवनमा सुधार ल्याएको छ ।

८. **सिकाई** कामको खोजीमा विदेश भौतारीनु भन्दा गरीवी निवारण कोष जस्ता दातृ निकायको सहारा पाइए आफ्नै देशमा केही गर्न सकिदो रहेछ ।

गरिबी निबारण कोषको सहयोगमा सामुदायिक बन उपभोक्ता महासंघ नेपाल जिल्ला महासंघ डोटीद्धारा संचालित सामाजिक परिचालनका माध्यमबाट **ग्रामिण गरिबी नयुनीकरण कार्यक्रम**,लागु पश्चात मिति २०६८ साल कार्तिक १२ गते लाटा गन्याप सामुदायिक संस्थामा अध्यक्षका रुपमा आबध्द भईन ।सो संस्थाबाट ऋणलिई  बाखापालन ब्यबसाय संचालन गर्ने योजना उनले बनाईन ।त्यसपछि मिति २०६९ अषाढ महिनामा रु. १२००० अक्षरुपी बाह्र हजार मात्र सो लाटा गन्याप सामुदायिक संस्थामा बाट ऋणलिएर बाखापालन ब्यबसाय     संचालन गरे । नन्दा देबी अधिकारी भन्दछन कि पहिला मेरो परिवारलाई खानलाउन धौ धौ थियो हाम्रो परिवार गरिव  थियो । हाम्रो पारिवारीक अवस्था गरिब भएकाले कसैले पनि सापटि दिन मान्दैन थिए । अहिले गरिबी निबारण कोषको सहयोगमा सामुदायिक संस्थाबाट ऋण लिएर बाखापालन ब्यबसाय  संचालन गरेको एक बर्षभित्रै १ छोरा र २ छोरीको खर्चका साथै घरायसीकाममा सहयोग पुगेको छ ।  अहिले मलाई अरुका गएर ऋण माग्नो पर्दैन ।.। भबिस्यमा निज नन्दा देबी अधिकारीले आफ्नो ब्याबसायलाई पुर्न ब्यबस्थित गर्दैलैजाने र त्यसबाट आएको आम्दानीबाट आएको रकमले छोरा,छोरी लाई सुबिधा सम्पन्न ठाउमा पढाउने योजना सुनाए । यस व्यवसायले गर्दा आफनो जीवनमा परिवर्तन ल्याएको कुरामा उनले जिकिर गरिन ।

“साहुले नपत्याउने  हामी जस्ता विकट दुगर्म भेगका  जनताका लागि गरीवी  निवारणकोषको कार्यक्रम जीविकोपार्जनको लागि उदयमान् सुर्य सावित भएको कुरा उनले जिकिर गरिन ।”

# रोजगारीको वाटो वाखापालन

गरिवी निवारण कोष र एकिकृत सामाजिक विकास समुह डोटीको सहयोगमा खिरसैन गा.वि.स. वाड नं. १ मा मिति २०६३ सालमा गठन भएको तेडि समाज सामुदायिक संस्थाका सदस्य मध्ये बिष्ना देवि कामी पनि एक हुन् । उनि सामुदायिक संस्थामा आवद्ध भएर आय-आर्जन क्रियाकलाप अगाडि बढाई रहेकी छिन् ।

उनि सामुदायिक संस्थामा आवद्ध हुनु भन्दा पहिला उनको परिवारलाई साँझ विहान हात मुख र्जोन समेत मुस्किल पर्थ्यो । जब उनी सामुदायिक संस्थामा आवद्ध भएर आय-आर्जन क्रियाकलाप अगाडि बढाउन थालिन उनको परिवारमा क्रमिक रुपमा सुधार आउन थाल्यो । उनि सामुदायिक संस्थामा आवद्ध भएपछि नियमित बैठकमा उपस्थित हुने, सामुहिक छलफलमा भाग लिने र आफ्ना मनमा लागेका कुरा सबै सामु राख्न थालिन तब उनको मनमा पनि केहि

काम गरेर आफु पनि समाजमा अरु सरह नै जिम्मेवार हुनु पर्छ  भन्ने लाग्यो । यसरी उनि सामुदायिक संस्थामा आवद्ध भएर बाखा पालन ब्यावसाय गर्ने निधो गरिन र सामुदायिक संस्थाबाट रु ६००० मात्र ऋृण लिएर दुई ओटा बाखा किनेर ब्यावसाय शुरु गरिन् ।

२०६५ साल असार २९ गते सामुदायिक संस्थाबाट ऋृण लिई दुई ओटा बाखाबाट ब्यावसाय शूरु गरेकी ३० वर्षिय बिष्ना देवि कामीसँग हाल ७ ओटा बाखा रहेका छन् । सासु, ससुरा, श्रीमान,३ छोरा ,१ छोरी र आफू समेत गरेर आठ जनाको परिवारलाई आफुसँग भएको २ रोपनि जग्गाको उब्जनीले मुस्किलले तिन महिना खान पुग्थ्यो । बाँकी समय उनि अर्काको घरमा ज्याला मजदुरी गरेर र श्रीमान भारतमा गएर पैसा कमाई गुजरा चलेको थियो । सामुदायिक संस्थामा आवद्ध भएर बाखा पालन ब्यावशाय शुरु गरेपछि उनको परिवारको आयश्रोत बढ्न थालेको छ । वर्षमा उनि ३/४ ओटा जति बोका बिक्रि गरेर १२०००/१३००० हजार आम्दानी गर्छन् । सो पैसाबाट उनि घर परिवारको खर्च चलाउने र केहि पैसा बचत गरि सामुदायिक संस्थाको ऋृण चुक्ता गर्ने गरेको बताउछिन् ।

तपाई सामुदायिक संस्थामा आवद्ध भएर आफ्नो जिवनमा के परिवतर्न पाउनु भयो भन्ने प्रश्नको जवाफमा उनि भन्थिन पहिले गाउँमा ज्याला मजदुरी गरेर परिवार पाल्नु पर्दा ज्यादै कठिनाई हुन्थ्यो अहिले सामुदायिक संस्थामा आवद्ध भएर बाखा पालन ब्यावशाय शुरु गरेपछि घरपरिवार पाल्न र छोरा छोरीलाई स्कुल पढाउन सजिलो भएको छ । आम्दानि पनि अलिअलि बढन् थालेको छ । पहिले गरिबीका कारण छोरा छोरीलाई कापी कलम किन्न नसकेर स्कुल पढन् पठाएकी थिईन अहिले छोरा छारी स्कुल पनि जान थालेका छन् भनि बताउछिन् । अब तपाईको आगामी योजना के छ  भन्ने ओर्को प्रश्नमा उनि भन्छन्  यो ब्यावशाय गरेर राम्रो आम्दानि भयो ।  सामुदायिक संस्थाबाट लिएको ऋृण पुरै तिरी सकियो । अझ सामुदायिक संस्थाबाट ५०००/७००० ऋृण लिएर घर नजिकै रहेको आधा रोपनि जग्गामा बेमौसमि तरकारी खेती शुरु गर्ने  बिचार गरेकी छु ।

## 3. Financial status

| क.स | क्रियाकलाप | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | **मानव शंन्साधन परिचालन** | १०५८२००० | १०४४०००० | ९८.६६ |
| २ | **सामाजिक परिचालन सहजीकरण** | २६४००० | २२४४३३ | ८५.०१ |
| ३ | **प्राविधिक सहयोग कोष** | १०७३००० | १०७३००० | १००.०० |
| ४ | **क्षमता विकास** | १२८८०० | १२६१७५ | ९७.९६ |
| ५ | **अनुगमन मुल्याङ्गन** | ४५७००० | ४५६५४७ | ९९.९० |
| ५ | **शिर्षभार १४ प्रतिशत** | १७५०६७२ | १७२४८९९ | ९८.५३ |
| **जम्मा** | | १४२५५४७२ | १४०४५०५४ | ९८.५२ |